# कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा संचालन सम्बन्धी मार्गदर्शन, २०७६

## बिषय प्रवेश

कृषि क्षेत्रमा न्युन प्रतिफल र उच्च जोखिम भएको कारण वित्तिय संस्थाहरु तथा निजी क्षेत्रहरु लगानीमा खासै आकर्षित भएको पाईंदैन । नेपाल राष्ट्र बैंकले तोकेको प्राथमिकता प्राप्त बिशेष लक्षित क्षेत्रको लगानीमा पनि कृषि क्षेत्र खासै प्राथमिकतामा परेको पाइदैन । कृषि क्षेत्रको व्यवसायिकरण र विविधिकरणका लागि सरकारी क्षेत्रबाट बिशेष व्यवस्था नभएसम्म निजी तथा वित्तिय क्षेत्र समेत लगानी गर्न डराउने अवस्था भएको कारण यस क्षेत्रमा सरकारी अनुदान र लगानी मैत्री वातावरण आवश्यक देखिन्छ । सरकारी क्षेत्रबाट हुने लगानीलाई पारदर्शी, अनुमान योग्य, नतिजामुखी र थप प्रभावकारी बनाउन आवश्यक छ । व्यवसाय उन्मुख साना परियोजनाहरुमा सरकारी अनुदान र वित्तिय संस्थाहरुको लागनीलाई एकीकृत रुपमा संचालन गर्न सके सरकारी प्राविधिक सेवा र वित्तिय सस्थाहरुको व्यवसायिक लगानीको कारण अनुदान बढी प्रभावकारी हुने देखिन्छ ।यस्तो अवस्थामा दोहोरो अनुगमनका कारण परियोजना सफल हुनुको साथै कृषि अनुदानको प्रभावकारिताको बिषयमा उठ्ने गरेका प्रश्नको पनि सम्बोधन हुने देखिन्छ । अर्को तर्फ वित्तिय संस्थाहरु कृषि क्षेत्रमा भएको न्युन प्रतिफल र उच्च जोखिमको कारण लगानी गर्न तयार नभएको सन्दर्भमा समेत यसलाई सम्बोधन हुन सक्ने देखिन्छ ।

खाद्य तथा पोषण सुरक्षा, दिगो विकास र आर्थिक बृद्धिलाई तिब्रता दिन कृषि क्षेत्रको विकास र उत्पादकत्व बृद्धि आवश्यक छ । तसर्थ, कृषि क्षेत्रमा हुने लगानीको जोखिम न्यूनिकरणको साथै लगानी आकर्षण गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले आफ्नो प्रयासहरु केन्द्रित गर्दै आएको छ । मन्त्रालयले कृषि क्षेत्रमा प्रविधि विकास, प्रविधि प्रसार, कृषि पुर्वाधार विकास तथा कृषिको व्यवसायिकरण र आधुनिकीकरणमा समेत लगानी गर्नुपर्ने भएकोले एउटा स्पष्ट नीति/अवधारणा बनाई कार्यक्रम संचालन गर्नु आवश्यक छ । कृषि क्षेत्रमा संलग्न किसानहरु मध्ये साना किसानहरु घरायसी प्रयोजनको उत्पादनमा संलग्न छन भने कतिले आफुलाई उपभोग गरी बचेको उपजहरु बिक्री गर्ने र केही किसानहरु भने विशुद्ध बजार प्रयोजनको लागि उत्पादन गर्ने व्यवसायिक किसानहरु छन । तसर्थ यस परिवेशमा समग्र देशको खाद्य तथा पोषण सुरक्षाको साथै कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरणको लागि सरकारले सबै खालको किसानहरुलाई सहयोगी हुने कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ ।

साधारणतया कृषि उपजहरुको बजारीकरणको लागि संकलन केन्द्र, कृषि सडक, भण्डारण गृह, शित भण्डार र वातानुकुलित ढुवानी साधनहरुको समेत आवश्यक हुन्छ । यस्ता साधन र सुविधाहरुको विकास गर्न ठुलो लगानी लाग्ने भएको कारण शुरुको अवस्थामा निजी क्षेत्रबाट यस्ता पुर्वाधारहरु स्थापना गर्न कठिन हुने भएकोले यस क्षेत्रमा सरकारी सहयोग आवश्यक देखिन्छ । उल्लेखित सबै क्षेत्रलाई सम्बोधन गर्दै सरकारले कार्यक्रमको वर्गीकरण गरी आवश्यकता अनुसारको सहयोग र सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ । तसर्थ राज्यले लिएको नीति अनुसार यस्ता सबै क्षेत्रका किसानहरुले सुविधा पाउन सक्ने गरी कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ ।

### १. कार्यक्रम वर्गिकरण, उद्देश्य र लक्षित समुदाय

१.१) प्रदर्शन/अध्ययन परीक्षण

यसमा सरकारी निकाय वा संघ/संस्थाहरुसंगको सहकार्यमा संचालन हुने प्रविधि परीक्षण वा प्रदर्शन सम्बन्धि कार्यक्रमहरु पर्दछन् । सहकार्यमा संचालन हुने प्रविधि विस्तार तथा सेवामुलक कार्यक्रमहरु जस्तै खोप कार्यक्रमहरु, कृत्रिम गर्भाधान सेवा, क्षमता विकास तालिम आदि पर्दछन्।यस्ता प्रविधि विकास सेवा तथा प्रविधि प्रसार सम्बन्धि

कार्यहरु पुर्ण रुपमा सरकारी लगानीमा संचालन हुनेछन् । यसबाट सफल तथा आर्थिक रुपमा लाभदायी प्रविधिहरु किसान समक्ष पुर्याउने काम गरिनेछ । यस्ता कार्यक्रम अनुसन्धानबाट सफल देखिएका प्रविधिहरु किसानको घरखेतमा परीक्षण गरी तिनको प्रभावकारिता हेर्ने उद्देश्यले संचालन गरिनेछ । जसबाट साना तथा ठुला किसानहरुले फाइदा पाउंछन ।

१.२) राहत कार्यक्रमहरु

प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरो, असिना, सुख्खा, खडेरी वा अन्य विपत्तिका कारण बालीनालीमा क्षति भएका किसानहरुलाई सरकारको बिशेष निर्णयबाट संचालन गरिने कार्यक्रम वा राहत कार्यक्रमहरु नेपाल सरकारको पूर्ण खर्चमा संचालन गरिनेछ । यस्ता कार्यक्रमहरुको लागि विपदमा परेका किसानहरुलाई सरकारले निर्णय गरे अनुसारको सुविधा उपलब्ध गराउने व्यवस्था समेत गरिनेछ ।

१.३) सामुदायिक पुर्वाधार विकास कार्यक्रम

सामुदायिक स्वामित्वमा रहने गरी स्थापना हुने पुर्वाधार विकासको काममा भने समुदायको स्वामित्व रहने गरी Build Operate and Transfer (BOOT) अवधारणा अनुसार व्यवस्थापन करार गरी सामुदायिक वा निजी क्षेत्रबाट संचालन हुने गरी समेत जिम्मा दिन सकिनेछ । यस्ता परियोजना संचालन गर्दा सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रस्ताव तयार गरेर मात्र कार्यक्रम संचालन गरिनेछ । अन्यथा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने छैन । यस्ता कार्यक्रमहरु खास गरी सार्वजनिक सिंचाई, कृषि सडक, संकलन केन्द्र, गोदाम घर, शितघर जस्ता पुर्वाधार निर्माण गर्नको लागि संचालन गरिनेछ । तर कुनै फर्म/कम्पनी/सहकारीहरुले नाफा गर्ने उद्देश्यले संचालन गर्ने व्यवसायिक परियोजनाहरु भने यस कार्यक्रममा समावेश हुने छैनन ।

१.४) व्यवसाय उन्मुख र व्यवसायिक कृषि विकास कार्यक्रमहरु

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन आधुनिक प्रविधिको प्रयोग, कृषि यान्त्रिकरण तथा व्यवसायिकरण बिना सम्भव छैन । कृषि क्षेत्रमा बढी जोखिम र न्युन प्रतिफलको कारण हालैको अवस्थामा किसान तथा निजी क्षेत्रले लगानी बढाउन सक्ने अवस्था छैन । कृषि क्षेत्रमा लगानी आकर्षण गर्नका तथा कृषिको आधुनिकीकरण तथा व्यवसायिकरणको लागि सरकारको सहयोग बिना सम्भव नहुने देखिन्छ । तसर्थ कृषि व्यवसाय प्रबर्द्धनका लागि नेपाल सरकारले विभिन्न खालका कार्यक्रमहरु संचालन गर्नेछ र सो को लागि आर्थिक सहुलियतको समेत व्यवस्था गर्नेछ ।

१.४.१) बिशेष समुह वा समुदाय लक्षित कार्यक्रमहरु

शिक्षाको कमि तथा जनचेतनाको अभावका कारण केही समुदायहरु समुदायमा प्रतिस्पर्धा गरी सरकारी सेवा सुविधा उपयोग गर्न सक्ने अवस्थामा देखिंदैन । यस्ता लक्षित समुह वा समुदायलाई नेपालको संविधानले नै बिशेष संरक्षणको व्यवस्था गरेको छ । यस्ता समुदायको खाद्य तथा पोषण सुरक्षा र जिवनस्तर सुधारको लागि कृषि क्षेत्रले नै बिशेष योगदान दिन सक्छ । समुदाय लक्षित कार्यक्रम संचालन गर्न सेवाग्राहीहरुको स्पष्ट पहिचान भएको हुनुपर्नेछ । लक्षित समुदायको संख्या र संचालित कार्यक्रमबाट के कति सेवाग्राही लाभान्वित हुने हो स्पष्ट खुलेको हुनुपर्नेछ ।यस्ता कार्यक्रमहरु संचालन गर्न नेपाल सरकारले अनुदान सहयोग गर्नेछ र बाँकी रकम सेवाग्राही आँफैले लगानी गर्ने छन् ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

१.४.२) कृषि उद्यम तथा यवसाय प्रवर्द्धन कार्यक्रम

कृषि क्षेत्रमा व्यवसाय उन्मुख वा व्यवसायिक कृषकहरुको लागि लगानीमा जोखिम कम गर्न र कृषि उद्यमको विकास गर्नको लागि किसान/उद्यमीहरुलाई प्रोत्साहन गर्न विभिन्न तरिकाले सहयोग गरिनेछ । यसको लागि हाल संचालनमा रहेका बिमा कार्यक्रम एंव सहुलियत कार्यक्रमलाई अझ बढी प्रभावकारी र सबै किसान/उद्यमीको पहुंचमा पुग्ने गरी संचालन गरिनेछ । परियोजना स्थापना वा विस्तार गर्नको लागि पुंजीगत अनुदान समेत दिने व्यवस्था गरिनेछ ।

**२. कृषि तथा पशुपन्छी विकास क्षेत्रमा अनुदान प्रवाहको लागि कार्यक्रम प्रस्ताव एंव संचालन प्रक्रिया**

कृषि तथा पशुपन्छी क्षेत्रका तीव्र विकास गर्नको लागि संघियताको मर्म अनुसार कार्य विभाजन गरी किसानहरुलाई प्राविधिक तथा आर्थिक सेवा उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्थानीय तथा प्रदेश सरकारहरुसँगको सहकार्यमा दिगो विकासका लक्ष्यहरु, कृषि विकास रणनीति तथा नेपाल सरकारको आवधिक योजनाले लक्षित गरेको निर्दिष्ठ गरेका रणनीतिहरु र कार्यनीतिहरु बमोजिमका कार्यक्रमहरु प्रभावकारी रुपले कार्यान्वयन गर्नको लागि तीनै तहका सरकारबाट संचालन गर्नुपर्ने कार्यक्रमहरुको बारेमा छलफल गरी सोही अनुसार श्रोत व्यवस्थापन तथा कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

कार्यक्रमको सोच, उद्देश्य, कार्यक्रम संचालन स्थल, लक्षित समुदाय, उपलब्ध प्रविधिको दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय कृषि नीति, आवधिक योजना र नेपाल सरकारको नीति तथा कार्यक्रमहरुमा आधारित रही उपलब्ध बजेट र प्राथमिकताको आधारमा सम्बन्धित कार्यालयले कार्यक्रम प्रस्ताव गर्ने छ।

स्थानीय तथा प्रदेश सरकारबाट आफै एकल संचालन गर्न नसक्ने आयोजनाहरुको लागि समेत उल्लेखित प्रावधानमा रही बजेट तथा कार्यक्रम माग गर्न सकिनेछ । यसरी कार्यक्रम प्रस्ताव गर्दा आयोजनाको लागि आवश्यक पर्ने जमिन, सम्भाव्यता तथा लागत अनुमान, जनसहभागितामा गरिने कामको लागि जनसहभागिताको सुनिश्चितता भएको आयोजना प्रस्तावंक निकायले कति लगानी गर्ने हो र संघिय सरकारबाट कति सहयोग हुनुपर्ने हो स्पष्ट खुलेका आयोजनाहरुमा मात्र बजेट व्यवस्था गर्न सकिनेछ।

कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा काम गर्ने कृषक समूह, सहकारी, वस्तुगत संघ/महासंघहरु, तथा समितिहरुले कार्यक्रम संचालनको लागि प्रस्ताव गर्न चाहेको अवस्थामा स्थानीय तहको सिफारिस साथ माथिका सबै प्रक्रिया पुर्याएर कार्यक्रम प्रस्ताव गर्न सक्नेछन । उपलब्ध श्रोत साधनहरुको आधारमा मन्त्रालयले प्राथमिकताको आधारमा अर्थ मन्त्रालयसँगको समन्वय गरी कार्यक्रम प्रस्ताव गरिनेछ ।

कार्यक्रम पेश गर्ने समयमा नै कार्यक्रमको प्रभावकारी कार्यान्वयनको साथै पारदर्शिता र सुशासनको लागि सम्बन्धित कार्यालयले **कार्यक्रम संचालन प्रक्रिया तयार** गरी कार्यक्रमसँगै पेश गर्नेछ । कार्य संचालन प्रकिया तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको **कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६** अनुसार तयार गर्नुपर्नेछ । कार्यक्रम संचालन प्रक्रियामा तपसिल अनुसारको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

१) सामान्यतया कार्यक्रम प्रस्ताव गर्ने वेलामा नै कार्य **संचालन प्रक्रिया** तयार गनुपर्नेछ । यदि कुनै स्वीकृत कार्यक्रमको कार्य संचालन प्रक्रिया तयार भएको छैन भने सम्बन्धित निकायले यस आ.ब.मा भाद्र महिनाभित्र र आगामी आर्थिक बर्षदेखि श्रावण महिनाभित्रमा नै कार्य संचालन प्रक्रिया तयार गरी सक्नुपर्नेछ ।

...पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

२) कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मन्त्रालय र मातहतका निकायबाट संचालन हुने कार्यक्रमहरुको कार्य संचालन प्रक्रिया तयार/स्विकृत गर्नेछ । कृषि विभाग, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मन्त्रालय मातहतका केन्द्रिय निकायहरुले आफु मातहतका निकायहरुबाट संचालन हुने कार्यक्रमहरुको कार्य संचालन प्रक्रिया तयार गरी स्विकृत गर्ने र आंफैले संचालन गर्ने कार्यक्रमहरुको हकमा भने मन्त्रालयबाट स्वीकृत गरी कार्य संचालन गर्न सक्नेछन ।

३) स्पेसिफिकेशन तथा लागत अनुमान र प्रति सेवाग्राही अधिकतम अनुदानको सिमा निर्धारण सम्बन्धित शाखाबाट तयार गर्नुपर्ने छ । यदि आफ्नो कार्यालयमा कामसँग सम्बन्धित विज्ञ प्राविधिक नभएमा अन्य निकायहरुको समन्वय र सहयोगमा स्पेसिफिकेशन, लागत अनुमान र अनुदानको सीमा तय गर्नुपर्ने छ ।

४) प्रस्ताव मूल्याङ्कन तथा सेवाग्राही छनौटको लागि मुल्याङ्कन तथा छनौटको आधार तथा छनौट प्रक्रिया समेत तय गर्नुपर्नेछ ।यस कार्यको लागि आवश्यकता अनुसार समिति गठन गरी कार्य संचालन गर्नुपर्ने छ ।

५) कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान गर्नु पूर्व नै प्रस्तावको नमुना, पेश गर्नुपर्ने कागजातहरु, प्रस्ताव पेश गर्ने स्थान, प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति, सेवाग्राहीको लागत सहभागिता हुनेमा लागत सुनिश्चितता आदिको विषयमा पनि प्रस्ताव आह्वान गर्दा नै खुलाउनु पर्नेछ ।

६) सामान्यतया प्रस्ताव आह्वान गर्दा कम्तीमा तीस दिनको समय राखी माग गर्नुपर्नेछ । ठुला आयोजना र Complex आयोजनाहरु संचालन गर्न प्रस्ताव माग गर्दा प्रारम्भिक प्रस्ताव माग गरी प्रारम्भिक चरणमा सफल प्रस्तावलाई मात्र दोश्रो चरणमा पुर्ण प्रस्ताव माग गर्ने व्यवस्था गर्न सकिने छ । यस्ता आयोजना संचालन गर्न आवश्यक पर्ने न्युनतम कुराहरु IEE, EIA, HACCP, GMP Requirement, Environmental and Social Monitoring Plan, Licensing and other permits सम्बन्धी पक्षहरु समेत पुरा गर्नुपर्ने व्यहोरा पनि खुलाउनु पर्नेछ ।

## कार्यक्रम संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु

१) प्रस्ताव माग गर्नु अघि ध्यान दिनुपर्ने कुराहरु

क) कार्यक्रम तथा बजेट स्वीकृत / छैन ।

ख) जग्गा प्राप्ति, स्पेसिफिकेशन, लागत अनुमान, ड्रइङ्ग डिजाईन, प्रस्ताव मुल्याङ्कनको आधारहरु, तयार भएको छ/ छैन ।

ग) प्रस्तावको नमुना तयार गर्ने ।

२) प्रस्ताव पेश गर्दा माग भए अनुसार तपशीलका कागजातहरु संलग्न छन् /छैनन् जाँच गर्ने।

क) नागरिक वा कम्पनी दर्ता प्रमाण पत्र र नविकरण

ख) कर चुक्ता प्रमाणपत्र

ग) लागत सहभागिताको सुनिश्चितता

घ) जग्गा उपलब्धता

ङ) EIA, IEE आवश्यकता भए नभएको

च) आवश्यक पुर्वाधार (बाटो, पानी, बिजुली भए नभएको

छ) साझेदारीमा संचालन हुने आयोजनाको हकमा साझेदारको प्रतिवद्धता (सक्कलै वा नोटरी गरेको)

...विकास मन्त्री

३) मुल्यांकनका लागि ध्यान दिनुपर्ने कुराहरु

क) प्रस्तावका साथ न्युनतम आधार पुगेका प्रस्तावहरु मात्र मुल्याङ्कनमा समावेश गर्ने र माग गरेको कागजातहरु पुगेको नपुगेको तुलनात्मक चार्ट बनाएर राख्नुपर्नेछ ।

ख) सबै कागजात पुगेका प्रस्तावहरु मात्र मुल्याङ्कनमा समावेश गर्नुपर्नेछ ।मुल्याङ्कन गर्दा मुल्याङ्कनको लागि तयार गरिएको आधारहरु अनुसार गर्नुपर्नेछ । मुल्याङ्कनबाट उत्कृष्ठ देखिएका प्रस्तावहरु प्राप्ताङ्कको आधारमा छनौट गर्नुपर्नेछ ।

ग) बहुबर्षिय प्रकारको र हरेक बर्ष नियामित रुपमा संचालन हुने आयोजनाको हकमा प्रस्ताव माग गरिएको बर्षमा बिनियोजित बजेटले समेट्न नसक्ने तर अन्य योग्य र सारभुत प्रस्तावहरुलाई वैकल्पिकको रुपमा सोही वर्ष वा अर्को वर्ष प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकताको साथ समावेश गर्न सकिनेछ । तर यो निर्णय प्रस्ताव मुल्यांकनको क्रममा नै गर्नुपर्नेछ ।

४) सम्झौता लागि ध्यान दिनुपर्ने कुराहरु

मुल्याङ्कनबाट उत्कृष्ठ देखिएका प्रस्तावहरु स्वीकृत भैसकेपछि सम्झौताको लागि बोलाउनु पर्नेछ । सम्झौता भैसकेपछि सम्बन्धित प्रस्तावकलाई कार्यदिश दिनुपर्नेछ र कार्यदिश दिनु अघि प्रस्तावकसँग कार्यक्रम कार्यान्वयनको कार्य योजना समेत माग गर्नुपर्नेछ । सोही कार्य योजना अनुसार अनुगमन तथा कार्यालयबाट हुने भुक्तानी तालिका समेत तयार गरी सम्झौताको अनुसुचीको रुपमा राख्नुपर्नेछ ।

## ३. अनुदान रकमको सिमा

नेपाल सरकारका निकायहरुले आँफै वा अन्य निकायको सहकार्यमा संचालन गर्ने प्रविधि प्रदर्शन वा प्रविधि विस्तारको लागि गरिने कार्यक्रमहरु सेवाग्राहीहरुको सहलगानीमा वा पुरै खर्च सरकारले व्यहोर्ने वा स्थानीय र प्रदेश सरकार वा गैरनाफामुखी संघ संस्थाहरुको सहलगानी र सहकार्यमा गर्न सकिनेछ । तर नाफामुखी वा व्यवसायिक उद्देश्यले संचालन गरिने व्यक्ति, कम्पनी, सहकारी वा अन्य संघ संस्थाले संचालन गर्ने कार्यक्रमको हकमा भने नेपाल सरकारले उपलब्ध गराउने अनुदानको सिमा कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि २०७६ मा तोकिए बमोजिम हुनेछ ।

## ४. भुक्तानी

प्रस्तावकले सम्झौता र कार्ययोजना अनुसार काम सम्पन्न गर्नुपर्नेछ र सम्झौता तथा कार्ययोजना अनुसार काम सम्पन्न गरी कार्यालयबाट अनुदान वापतको रकम माग गर्नुपर्नेछ । कार्यक्रम संचालन गर्ने निकायले भुक्तानी गर्नु अघि प्रस्तावकले दाबी गरे अनुसारको कार्य सम्पन्न भए नभएको एकीन/अनुगमन गरे पश्चात मात्र भुक्तानी दिनुपर्नेछ र सोको लगत समेत राख्नुपर्नेछ ।

कुनै कारणवश कार्ययोजना अनुसार काम हुन नसकेमा प्रस्तावकले कार्यालयलाई जानकारी गराई नियमानुसार स्वीकृति लिनुपर्नेछ । तर कार्ययोजना अनुसार काम नगरी समयमा भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेहि हुनेछैन । ठेक्का पट्टाको कार्य समयमै सम्पन्न हुन नसकेमा व्यक्ति, फर्म वा संस्थालाई नियमानुसार कालो सुचीमा राख्न सक्नेछ ।

कृषि तथा पशुपन्छी विकास मन्त्री